नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी, राजविराज

# मिति २०७७।०८।१८ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितको बैठकबाट भएका निर्णयहरुः

**निर्णय नं. १**

स्वास्थ्य कार्यालय र गजेन्द्र नारायण सिंह अस्पतालबाट जिल्लाको कोभिड-१९ संक्रमणको बर्तमान अवस्था र संचालित गतिबिधीहरु सम्बन्धमा आजको यस बैठक मार्फत सहभागी सबैलाई जानकारी गराइयो ।

**निर्णय नं. २**

सन्निकट जाडो याममा लक्षण सहितका कोभिड-१९ संक्रमितको संख्या बढ्ने सम्भावना रहेको हुँदा सो र जाडो/शितलहबाट हुने रोगहरु समेतको उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल तयारी अवस्थामा रहने र उक्त अस्पतालमा हाल भैरहेका पूर्वाधार बिकास सम्बन्धी कार्यहरुलाई उच्चतम प्राथमिकतामा राखी समयमै कार्य सम्पन्न गर्न/ गराउन अधिकतम प्रयास गर्ने.।

**निर्णय नं. ३**

निर्णय नं. २ मा उल्लेखित स्वास्थ्य सम्बन्धी प्रयोजनहरुको लागि सम्पूर्ण पालिकाहरुले आ-आफ्ना अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई समेत तयारी अवस्थामा राख्नुका साथै निर्माणाधिन अवस्थामा कुनै स्वास्थ्य संस्था रहेको भए निर्माण कार्य सम्पन्न गरी यथाशिघ्र स्वास्थ्य संस्था संचालनमा ल्याउन अधिकतम प्रयास गर्ने ।

**निर्णय नं. ४**

निर्णय नं. २ र ३ मा उल्लेखित कार्यहरुमा स्वास्थ्य कार्यालयले आवश्यक सहयोग र समन्वय उपलब्ध गराउने र संभावित अवस्थाहरु सामना गर्न आवश्यक पूर्व तयारी (आवश्यकतानुसार सहयोगी संघ संस्थाहरु समेतलाई सक्रिय गराई) समेत गर्ने ।

**निर्णय नं. ५**

शितलहर/ जाडो याममा अपनाउनुपर्ने सतर्कता र कोभिड-१९ संक्रण रोकथामका लागि जाडोयाममा अपनाइनुपर्ने विशेष स्वास्थ्य सतर्कता सम्बन्धी कार्यहरु सम्बन्धी सचेतनामूलक प्रचार प्रसार सामाग्री स्वास्थ्य कार्यालयले तयार गरी स्थानीय संचार माध्यमहरु मार्फत प्रचार प्रसारको व्यवस्था मिलाउने । सम्पूर्ण पालिकाहरुले समेत स्थानीय भाषामा सोही प्रकारको सामाग्री तयार गरी आ-आफ्नो क्षेत्रमा उपयुक्त माध्यद्वारा प्रचार प्रसार गरी जनचेतना अभिबृद्धि गर्ने । यस कार्यमा जिल्ला स्थित मानवीय सहयोगका काममा कार्यरत गै.स.स.हरुले समेत आवश्यक सहयोग उपलब्ध गराउने ।

**निर्णय नं. ६**

शितलहरबाट संकटासन्न अति विपन्न घर परिवारको विवरण सहित लगत संकलन गर्न जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७७।०६।२३ को निर्णय भए तापनि हाल सम्म सो प्राप्त नभएकोले

निर्णय प्रमाणित
०७७/८/१८
आनन्द कुमार ठाकुर
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी, राजविराज

सम्पूर्ण पालिकाहरुले १(एक) हप्ता भित्र सो विवरण संकलन गरी जिल्ला प्रशासन कार्यालय मार्फत जिल्ला विपद् व्यवस्थापन समितलाई उपलब्ध गराउने । साथै, त्यस्तो व्यक्ति/ परिवारलाई शितलहरका बखत उपलब्ध गराउनुपर्ने आवश्यक सहयोगका लागि पालिकाहरुले आवश्यक पूर्वतयारी गर्ने ।

**निर्णय नं. ७**

मिति २०७७।०६।२३ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट सम्पूर्ण पालिकाहरुले शितलहर सम्बन्धी आपतकालीन कार्य योजना बनाउने निर्णय भएकोमा सम्पूर्ण पालिकाहरुले सो कार्ययोजना अविलम्ब बनाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने गराउने ।

**निर्णय नं. ८**

मिति २०७७।०६।२३ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट भएको निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, सप्तरी द्वारा तयार पारिएको "शितलहर आकस्मिक योजना, २०७७" आजको यस बैठकमा पेश भइ छलफल हुँदा उक्त कार्य योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

जाडो यामको समयमा शितलहरबाट पर्न सक्ने असरलाई न्यूनिकरण गर्न बिभिन्न स्थानमा आगो बाल्न आवश्यक दाउरा उपलब्ध गराउन डिभिजन वन कार्यालय, सप्तरीले स्थानिय तहहरु सँग समन्वय गरी आवश्यक सहयोग उपलब्ध गराउने ।

**निर्णय नं. १०**

मानवीय सहयोगको क्षेत्रमा कार्यरत तथा जिल्लाका विभिन्न विषयगत क्षेत्रमा आवद्ध संघ/संस्थाहरुले शितलहरका समयमा आवश्यक पर्न सक्ने मानवीय सहयोग सम्बन्धी सामाग्रीहरु स्थानिय तहसँग समन्वय गरी तयारी अवस्थामा राख्ने तथा पालिकामा आवश्यकता भएको बखत पालिका तथा जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी उपलब्ध गराउने बितरणको व्यवस्था मिलाउने ।

**निर्णय नं. ११**

शितलहर/ जाडोयाममा हुनु, गर्नु/ गराउनुपर्ने कार्यहरु लगायतका सम्बन्धमा संघ र प्रदेश सरकारबाट समय-समयमा प्राप्त हुने निर्देशन प्रभावकारी रुपमा कार्यान्वियन गर्ने/ गराउने ।

**निर्णय नं. १२**

गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको मिति २०७७।०७।२८ च.नं. १४७५ को ढुङ्गा, गिट्टी, बालुवा बिक्री, बितरण सम्बन्धी पत्रको व्यहोरा आजको यस बैठक मार्फत सहभागी सबैलाई गराइएकोमा सम्पूर्ण पालिका र नेपाल प्रहरीले सोको कार्यान्वयन गर्ने गराउने ।

स्थानिय तह र नेपाल प्रहरीले समन्वयात्मक रुपमा आफ्नो क्षेत्र भित्रका नदि, खोला नाला र क्रसर उद्योगहरुमा विशेष निगरानी बढाइ नेपाल सरकार, प्रदेश सरकार द्वारा जारी नीति नियम र निर्देशन

निर्णय प्रमाणित
०७७/०८/१८
आनन्द कुमार ठाकुर
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी, राजबिराज

बिपरितका गतिविधी हुन गर्न नपाउने सुनिश्चित गर्दै त्यस प्रकारको गतिबिधी भए गरेको पाइएमा नेपाल प्रहरीले आवश्यकतानुसार स्थानिय तहसँग समन्वय गरी कानुन बमोजिम कार्वाही गर्ने /गराउने ।

**निर्णय नं. १३**

स्थानिय तहहरुले आ-आफ्नो क्षेत्र भित्रका खोला, नदी /नाला लगायतका नदीजन्य बस्तुको आन्तरिक आय बन्दोबस्त गर्दा IEE/EIA गर्नुपर्ने, निश्चित परिमाणमा तोकिएको स्थानबाट मात्र उत्खनन गर्न पाउने, निश्चित स्थानमा घाट गद्दी गर्नुपर्ने, पुल पुलेसाबाट तोकिएको दुरीमा मात्र संकलन गर्न सकिने जस्ता लगायतका प्रचलित ऐन, कानून, कार्यविधी र समय-समयमा नेपाल सरकारबाट दिइएको निर्देशन बमोजिम हुने गरि मात्र नदीनाला, खोलाजन्य बस्तु उत्खनन/ बिक्री बितरण/ आय बन्दोबस्त गर्ने ।

**निर्णय नं. १४**

शव व्यवस्थापनका लागि कागजात सम्बन्धमा बिषयको नेपाली सेना भिमदल गणको मिति २०७७।०८।१६ प.स. १४८६१ को पत्रको व्यहोरा आजको यस बैठक मार्फत सहभागी सम्पूर्णलाई जानकारी गराइएकोमा सोही बमोजिम सम्बन्धित स्थानिय तह र अन्य कार्यालयहरुले कार्यान्वयन गर्ने गराउने ।

**निर्णय नं. १५**

गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको मिति २०७७।०८।१६ च.नं. १६३६ को पत्रसाथ प्राप्त नेपाल सरकार मन्त्री परिषद् बैठक संख्या ४८/०७७ मिति २०७७।०८।१० को बैठकबाट भएको निर्णय यस बैठक मार्फत सहभागी सबैलाई जानकारी भै सोही बमोजिम कार्यान्वयन गर्ने /गराउने । साथै यस सम्बन्धमा आवश्यकतानुसार थप निर्णय गर्नुपर्ने भएमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र/जिल्ला सुरक्षा समितिले निर्णय एवं कार्यान्वयन गर्ने गराउने ।

**निर्णय नं. १६**

कोभिड-१९ संक्रमितको उपचारका लागि High Dependancy Unit (HDU) संचालनका लागि गजेन्द्र नारायण सिंह अस्पताललाई नेपाल सरकारबाट रकम प्राप्त भएकोले हाल साईकृष्णा मेडिकल कलेजको पुरानो भवनमा संचालित आइसोलेशन अस्पतालमा आवश्यक न्यूनतम पुर्वाधार खडा गरी सो रकमबाट HDU संचालनका लागि अनुमति माँग भएको सम्बन्धमा आजको यस बैठकमा छलफल हुँदा गजेन्द्र नारायण सिंह अस्पताल भित्र HDU संचालनका लागि अन्य उपयुक्त स्थान नभएमा साईकृष्णा मेडिकल कलेजको पुरानो भवनमा गजेन्द्र नारायण सिंह अस्पतालले HDU संचालनका लागि आवश्यक व्यवस्था मिलाउने ।

निर्णय प्रमाणित

०७७/८/१८

आनन्द कुमार ठाकुर

प्रशासकीय अधिकृत